मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर नेपाल

## ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको शुभकामना सन्देश

संयुक्त राष्ट्र संघको महासभाले सन् १९४८ को डिसेम्बर १० अर्थात् आजकै दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको हो । यस दिनलाई विश्व समुदायले मानव अधिकारको अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउँदै आएको छ। आज विश्वले नै 'सबैका लागि मर्यादा, स्वतन्त्रता र न्याय' भन्ने नाराका साथ मनाइरहेको यस दिवसका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

यस ऐतिहासिक क्षणले जाति, वर्ण, धर्म, लिङ्ग, भाषा, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतको भेदभाव नगरी सबैलाई मानवका रूपमा रहन पाउने अपरिहार्य अधिकारहरूको प्रत्याभूति गर्दछ ।

समाजमा समानता, न्याय र स्वतन्त्रताले मात्र द्वन्द्वलाई रोकेर शान्ति स्थापना गर्दछ। मानव अधिकारको पूर्ण सुनिश्चितता विकासको आधारसमेत हो । यस अवसरमा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन गरी मानव अधिकारयुक्त संस्कृतिको विकास गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

पुनश्च, कोशी प्रदेशका साथै स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति २०८० मंसिर २४ गते आइतबार

केदार कार्की
मुख्यमन्त्री